# स्थानीय राजपत्र

**खण्ड : ०७ संख्या : ०४ मिति : २०८०।१०।२१**

## भाग – ०१

**विनयीत्रिवेणी गाउँपालिका**

**नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

**गण्डकी प्रदेश, नेपाल**

**नेपालको संविधान बमोजिम विनयीत्रिवेणी गाउँ सभाले बनाएको तल उल्लेखित बमोजिमको "विनयी त्रिबेणी गाउँपालिमा युवा तथा खेलकुद विकास ऐन, २०८० सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

गाउँ सभाबाट पारित भएको मिति: २०८०।१०।१९

# विनयी त्रिवेणी गाउँपालिका

# युवा तथा खेलकुद विकास ऐन, २०८०

**प्रस्तावनाः** विनयी त्रिवेणी गाउँपालिका युवा तथा खेलकुद विकास ऐन, २०८०, विनयी त्रिवेणी गाउँपालिकामा युवा सशक्तिकरण, युवा उद्यमशीलता एवम् नेपाली सांस्कृतिक महत्व बुझाउँन, खेलकुद, खेल संस्कृतिको विकास, खेलकुद पूर्वाधार निर्माण, खेलाडीको व्यवसायिक सुरक्षा, वडास्तरीय, गाउँपालिका स्तरीय प्रदेश, राष्ट्रिय अन्तर्राष्ट्रिय युवा सम्मेलनहरू तथा खेलकुद प्रतियोगितामा युवाको सहभागिता जनाउने वातावरण सिर्जना गर्न र युवा तथा खेलकुद क्षेत्रको समग्र विकास गर्न आवश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम विनयी त्रिवेणी गाउँ सभाको चौधौं अधिवेशनले यो ऐन बनाएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "विनयी त्रिवेणी गाउँपालिका युवा तथा खेलकुद विकास ऐन, २०८० रहको छ ।

(२) यो ऐन गाउँसभाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२) परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "युवा भन्नाले १६ देखि ४० वर्षसम्मका नागरिकलाई सम्झनु पर्दछ ।

ख) "खेलकुद" भन्नाले शारीरिक तथा मानसिक प्रयास र सीपको माध्यमबाट व्यक्तिगत वा समूहमा प्रतिस्पर्धात्मक कृयाकलापमा संलग्न रही नतिजामुखी उपलब्धि हाँसिल गर्ने क्रियाकलापहरुमा सक्रिय रहने कार्य सम्झनुपर्छ र सो शब्दले प्रचलित व्यवसायिक, पर्यटकीय, साहसिक तथा परम्परागत खेललाई समेत जनाउँछ ।

ग) "अध्यक्ष" भन्नाले दफा ३ बमोजिम गठित **विनयी त्रिवेणी गाउँपालिका** युवा तथा खेलकुद विकास समितिको अध्यक्ष सम्झनु पर्छ ।

घ)" युवा तथा खेलकूद सम्बन्धी संस्था" भन्नाले दफा १३ बमोजिम दर्ता भएको संस्था सम्झनुपर्छ ।

ङ)"अपांगता भएका युवा" भन्नाले सबै प्रकारका शारिरीक र मानसिक अपांग भएका युवा सम्झनुपर्छ ।

च)"तोकिएको' वा तोकिए बमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए वा तोकिए बमोजिम सम्झनुपर्छ ।

छ)"युवा तथा खेलकुद समिति" भन्नाले दफा ३ बमोजिम गठित भएको **विनयी त्रिवेणी गाउँपालिका** युवा तथा खेलकुद विकास समिति सम्झनु पर्छ ।

ज)"सदस्य" भन्नाले दफा ३ बमोजिमको समिति सदस्य सम्झिनु पर्छ । सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिव समेतलाई जनाउनेछ ।

झ) "सदस्य-सचिव" भन्नाले दफा ३ बमोजिम **विनयी त्रिवेणी गाउँपालिका** युवा तथा खेलकुद विकास समितिको सदस्य सचिव सम्झनु पर्छ

ञ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित भएको युवा तथा खेलकुद विकास समिति सम्झिनु पर्छ ।

ट) गाउँपालिका भन्नाले **विनयी त्रिवेणी** गाउँपालिकालाई सम्झनु पर्छ ।

ठ) "गाउँपालिका अध्यक्ष" भन्नाले **विनयी त्रिवेणी** गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

ड) "गाउँपालिका उपाध्यक्ष" भन्नाले **विनयी त्रिवेणी** गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

ढं) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले विनयी त्रिवेणी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

ण)"कार्यपालिका सदस्य" भन्नाले विनयी त्रिवेणी गाउँपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ ।

त) "संरक्षण समिति" भन्नाले दफा ४ वमोजिम गठन भएको सल्लाहकार समिति बुझ्नुपर्दछ ।

## ३) विनयी त्रिवेणी गाउँपालिका युवा तथा खेलकुद विकास समितिः

१) विनयी त्रिवेणी गाउँपालिकामा खेलकुदको विकास गर्नको लागि देहाय वमोजिमको ९ सदस्यीय विनयी त्रिवेणी गाउँपालिका युवा तथा खेलकुद विकास समिति गठन हुनेछ ।

क) गाउँपालिका अध्यक्ष वा निजले तोकेको गाउँ कार्यपालिकाको सदस्यहरु मध्येबाट एक जना - अध्यक्ष

ख) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक - सदस्य

ग) गाउँ कार्यपालिकाबाट मनोनित गाउँपालिका भित्रको सामुदायिक विद्यालयको प्रधानाध्यापक मध्येबाट एक जना - सदस्य

घ) गाउँपालिकाको नगर प्रहरी प्रमुख - सदस्य

ङ) गाउँस्तर तथा जिल्ला स्तरका खेलाडी वा रेफ्री वा प्रशिक्षक वा अध्ययन अनुसन्धान प्रवर्धनात्मक कार्य गरेका खेलकुद विज्ञ वा व्यवस्थापक, गाउँस्तर तथा जिल्ला स्तरमा युवाहरूको क्षमता विकास,नेतृत्व विकास वा आर्थिक विकास गर्ने क्षेत्रमा सरिक भई काम गरेका मध्येबाट गाउँ कार्यपालिकाबाट मनोनित एक महिला सहित ३ जना - सदस्य

च) गाउँपालिका भित्रका व्यक्तिहरु मध्येबाट जिल्ला वा प्रदेश स्तरमा विभिन्न खेलकुद संघमा आबद्ध जिल्ला खेलकुद विकास समितिले सिफारिस गरेको एक जना - सदस्य

छ) शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख - सदस्य सचिव

२) समितिको बैठकमा युवा तथा खेल क्षेत्रसँग सम्बन्धित विज्ञ तथा सुरक्षा निकायका प्रमुखलाई आमन्त्रण गर्न सकिने छ ।

३) समितिको चल अचल सम्पत्ति गाउँपालिकाको हुनेछ ।

४) समितिको सचिवालय गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा रहनेछ ।

## ४) युवा तथा खेलकुद विकास संरक्षण समितिः

१) युवा तथा खेलकुदको विकास र प्रवर्धन गर्न एवम् युवा खेलकुद विकास समितिलाई मार्गदर्शन गर्न देहाय वमोजिमको समिति रहनेछ ।

क) गाउँपालिका अध्यक्ष : संरक्षक

ख) गाउँपालिका उपाध्यक्ष : सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत : सदस्य

घ) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक : सदस्य

ङ) गाउँकार्यपालिकाले तोकेको प्रतिष्ठित खेलकुद क्षेत्रबाट मनोनित एकजना महिला सहित २ जना : सदस्य

च) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख : सदस्य सचिव

२) युवा तथा खेलकुद विकास संरक्षण समितिले युवा खेलकुद विकास समितिलाई निर्देशन दिन सक्नेछ ।

उक्त निर्देशनलाई पालना गर्नु युवा खेलकुद विकास समितिको कर्तव्य हुनेछ ।

**५) पदावधि :**

१) दफा ३ को उपदफा (१) वमोजिम गठित समितिका पदेन बाहेकका मनोनित सदस्यहरुको पदावधि तीन बर्षको हुनेछ ।

२) दफा ३ को उपदफा १ बमोजिमको कुनै सदस्यको पद रिक्त भएमा सोही बमोजिम पदपूर्ति गरिनेछ ।

३) उपदफा १ मा जुनसुकै कुरा लेखिएतापनि दफा ३ को उपदफा (१) बमोजिम समितिका मनोनित सदस्यहरुले आफनो पदीय जिम्मेवारी पूरा नगरेको, समितिको हित विपरित कुनै काम गरेको वा पद अनुरुपको आचरण नगरेको भन्ने लागेमा यस समितिको सिफारिसमा गाउँ कार्यपालिकाले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ । तर हटाउनु अघि त्यस्तो सदस्यलाई सफाईको मौका दिइनेछ ।

**६) सदस्यको अयोग्यताः** देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैन

क) गैर नेपाली नागरिक,

ख) पदेन बाहेकका कर्मचारी,

ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

घ) १८ वर्ष उमेर पुरा नभएको,

ङ) मानसिक सन्तुलन गुमाएको,

**७) सदस्यता नरहने अवस्था :** देहायको अवस्थामा सदस्यता खारेज भएको मानिनेछ ।

क) दफा ६ बमोजिम सदस्य बहाल रहन अयोग्य ठहरीएमा,

ख) राजिनामा गरेमा,

ग) मृत्यु भएमा,

घ) सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

ङ) दफा ५ को उपदफा (३) बमोजिम मनोनयन गर्ने निकाय वा अधिकारीले हटाएमा ।

**८) समितिको बैठक र निर्णय :**

१) अध्यक्षको अनुरोध अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनु पर्नेछ ।

२) समितिको अध्यक्षता अध्यक्षले गर्नेछन् र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन् ।

३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

४) समितिको बैठक महिनाको कम्तीमा एक पटक बस्नेछ ।

५) एक तिहाई सदस्यले कारण र औचित्य सहित बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ ।

६)  बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

७)  अध्यक्ष तथा सदस्य-सचिवले बैठकको निर्णय प्रमाणित गर्नुपर्नेछ ।

८)  बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**९) समितिको काम, कर्तव्य र अधिकारः**

१) दफा ३ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**खेलकुद तर्फः**

क) गाउँपालिकालाई खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने,

ख) गाउँपालिका स्तरीय लगायतका खेलकुद प्रतियोगिता आयोजना गर्ने,

ग) गाउँपालिकाले तोकेको बजेट सीमा भित्र रही खेलकुद सञ्चालन गर्ने,

घ) खेलकुदको विकास प्रवर्धन, अनुसन्धान, अध्ययन, तालिम लगायतका कार्य गर्ने गराउन ,

ङ) रङ्गशाला, खेलकुद मैदान तथा अन्य खेलकुद संरचनाको निर्माण, सञ्चालन संरक्षण तथा रेखदेख गर्ने गराउने,

च) अन्य नगरपालिका वा गाउँपालिकाले आयोजना गरेका खेलकुद कार्यक्रममा आमन्त्रण गरिएमा विनयी त्रिवेणी गाउँपालिका भित्रका खेलाडी,टिम वा क्लबलाई आवश्यकता र औचित्यका आधारमा सहभागी गराउने ,

छ) निजी क्षेत्रलाई समेत खेलकुदमा सहभागी र साझेदार बनाउने,

ज) विनयी त्रिवेणी गाउँपालिकाको संयोजनमा विभिन्न विधाका खेलाडीहरुको पहिचान र प्रोत्साहन सम्बन्धी योजना बनाई लागू गर्ने,

झ) खेलकुदको विकासको लागि संघीय सरकार, प्रदेश सरकार र अन्तर स्थानीय सरकारसंग सम्पर्क,समन्वय र सहकार्य गर्ने,

ञ) गाउँपालिकाको परामर्शमा वार्षिक योजना बनाई पेश गर्ने,

ट) गाउँपालिकालाई खेलकुदको माध्यमबाट उत्कृष्टताको परिचय दिने,

ठ) खेलकुद विकास तथा युवाहरुको विकासका लागि योजना बनाई गाउँपालिकाको स्वीकृतीमा विभिन्न कार्यक्रम सञ्चालन गर्ने ,

ड) खेलकुद विकासको लागि गोष्ठी, सेमीनार आयोजना गर्ने,

ढ) खेलकुद पर्यटनको विकास गर्ने,

ण) परम्परागत खेलकुदको संरक्षण र प्रवर्द्धन गर्ने,

त) गाउँपालिका खेलकुद विकासका लागि प्राथमिकीकरण गर्ने गराउने,

थ) खेलाडीको अभिलेख राख्ने,

द) आवश्यकता अनुसार खेलकुद उप-समिति गठन गर्ने,

ध) अध्यक्षले गाउँपालिकाको बार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने,

न) खेलकुदमा महिला सहभागिता विस्तार गर्न विभिन्न प्रतियोगिता आयोजना गर्ने,

प) गाउँपालिका भित्रका संघ, संस्था, क्लवहरुले खेलकुद प्रतियोगीताको आयोजना गर्दा गाउँपालिका युवा तथा खेलकुद समितिको अनिवार्य स्वीकृती लिनु पर्ने व्यवस्थालाई कार्यान्वयन गराउने,

फ) जिल्ला खेलकुद विकास समितिसँग आवश्यक सहकार्य र समन्वय गर्ने,

फ) गाउँपालिकाले तोकेको अन्य कार्य गर्ने ।

**युवा तर्फः**

क) युवासम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी गाउँपालिका समक्ष सिफारिस गर्ने,

ख) गाउँपालिकाबाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,

ग) समितिकासँग आवद्धता प्राप्त गर्ने संघ, संस्थाहरुले पालना गर्नु पर्ने शर्तहरु निर्धारण गर्ने,

घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

ङ) युवालाई गाउँपालिका तथा राष्ट्र निर्माणमा सहभागी हुन उत्प्रेरित गर्ने,

च) परिषद्को वार्षिक योजना कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

छ) युवा विकास, सशक्तीकरण एवं मूलप्रवाहीकरण सम्बन्धी विषयमा संघीय सरकार, प्रदेश सरकार,गाउँपालिकालाई सुझाव दिने,

ज) गाउँपालिका स्तरमामा युवा जागरण, सशक्तिकरण र परिचालन गर्ने,

झ) गाउँपालिका स्तरमा युवा सप, उद्यमशिलता तथा नेतृत्व विकास गर्ने,

ञ) युवाका क्षेत्रमा काम गर्न राष्ट्रिय युवा परिषद् र प्रदेश युवा परिषद्सँग समन्वय, सहकार्य गर्ने,

ट) युवाका क्षेत्रमा संघ, प्रदेश र पालिका तहसँग समन्वय, सहकार्य र आवश्यकता अनुसार सहजीकरण गर्ने,

ठ) औपचारिक शिक्षाबाट बञ्चित युवाका लागि आबश्यक सीपमुलक तालिम तथा साक्षरता कार्यक्रम सञ्चालन गर्ने ।

ड) युवाका लागि रोजगारी अभिवृद्धि गर्न उद्यमशीलता तथा अन्य सीपमुलक एवम् व्यवसायिक तालिम प्रदान गर्ने ।

ढ) अपागंता भएका युवालाई लक्षित गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा मैत्रीपूर्ण, प्रतिस्पर्धात्मक र मनोरञ्जनात्मक खेलहरु सञ्चालन गर्ने ।

ण) युवाहरुको खाली समय सदुपयोग गर्न विभिन्न मनोरञ्जनात्मक गतिविधि सञ्चालन गर्ने ।

त) विभिन्न समस्यामा परेका एवम् लागुऔषध प्रयोग गरिरहेका युवाका लागि परामर्श तथा समाजमा पुर्नस्थापना गर्ने खालका कार्यक्रम सञ्चालन गर्ने ।

थ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

**१०) वडा स्तरीय युवा तथा खेलकुद विकास समिति :**

१) गाउँपालिका युवा तथा खेलकुद विकास समिति मातहतमा  देहाय वमोजिमको वडा स्तरीय युवा तथा खेलकुद विकास समिति रहने छन्

क) वडाको वडा अध्यक्षको प्रस्तावमा वडा कार्यसमितिले तोकेको वडाको सदस्य -अध्यक्ष

ख) वडा समितिले तोकेको सामुदायिक विद्यालयको खेल शिक्षक एक जना -सदस्य

ग) युवा तथा खेलकुद क्षेत्रमा कम्तिमा १ वर्ष कार्य गरेको व्यक्तिहरु मध्येबाट वडा कार्यसमितिले मनोनित गरेको एकजना महिला सहित २ जना सदस्य

घ) सम्बन्धित वडाको वडा सचिव - सदस्य सचिव

२) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**११) वडा स्तरीय युवा तथा खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार :**

क) युवा तथा खेलकुद लक्षित वडा स्तरीय कार्यक्रमहरुको तर्जुमा गरी वडा समितिमा पेश गर्ने,

ख) वडा भित्र क्रियाशिल विभिन्न युवा तथा खेलकुदसंग सम्बन्धित संघ संस्थाहरु बीच आवश्यक समन्वय तथा सहजकिरण गर्दै त्यस्ता संघ संस्थाहरुको कामकारवाहीमा रेखदेख तथा नियमन समेत गर्ने,

ग) खेलकुदको विभिन्न विधामा वडा स्तरीय टिम छनौट गर्ने ।

**१२) वडा स्तरीय युवा तथा खेलकुद विकास समितिका सदस्यको पदावधिः**

१) दफा १० को उपदफा (१)  वमोजिम गठित समितिका पदेन बाहेकका मनोनित सदस्यहरुको पदावधि तीन बर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ ।

२) पदावधि समाप्त नहुँदै  कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लायि यही कार्यविधि बमोजिम पदपूर्ति गरिनेछ ।

३) कुनै सदस्यले राजिनामा गरी स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

४) कुनै सदस्यहरुले आफ्नो पदीय जिम्मेवारी र कर्तव्य पालना गरेको छैन भन्ने लागेमा यस समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ । तर हटाउनु अघि त्यस्तो सदस्यलाई सफाईको मौका अवश्य दिइनेछ ।

**१३) वडा स्तरीय युवा तथा खेलकुद विकास समितिका सदस्यको अयोग्यता :** देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैन

क) गैर नेपाली नागरिक,

ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाए पाएको ,

ग) मानसिक सन्तुलन गुमाएको,

**१४) वडा स्तरीय युवा तथा खेलकुद विकास समितिको बैठक र निर्णय :**

१) समितिको बैठक कम्तीमा दुई महिनाको एक पटक बस्नेछ ।

२) समितिको बैठक हुनुभन्दा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य सचिवले सबै सदस्यलाई दिनुपर्नेछ ।

३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

५) अध्यक्षले बैठकको निर्णय प्रमाणित गर्नु पर्नेछ ।

## १५) युवा तथा खेलकुद सम्बन्धी संस्थाको दर्ता, सूचीकृत, नविकरण र विघटन सम्बन्धी व्यवस्था :

१) गाउँपालिका भित्र गठित कुनै पनि क्लब वा खेलकुदसंग सम्बन्धित संस्था गाउँपालिकामा दर्ता गर्नुपर्नेछ । खेलकुदसंग सम्बन्धित दर्ता नभएका संस्था वा क्लबलाई खेल सञ्चालन गर्न गाउँपालिकाले स्वीकृती दिने छैन ।

२) खेलकुदसंग सम्बन्धित संस्था दर्ता र विधान स्वीकृतीको लागि अनूसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

३) खेलकुदसंग सम्बन्धित संस्था दर्ता र विधान स्वीकृतीको लागि निवेदन पर्न आएमा गाउँपालिकाले विधान स्वीकृत गरी संस्था दर्ता गरी अनूसूची २ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनुपर्नेछ । सोही प्रमाणपत्रमा हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले नियमानुसार नविकरण गर्नुपर्नेछ ।

४) पहिले नै दर्ता भइसकेको संस्था भए गाउँपालिकामा सूचीकृतको लागि अनूसूची ३ बमोजिमको ढाँचामा लिखित निवेदन दिनुपर्नेछ ।

५) सूचीकृत भएका संस्थाहरुलाई अनूसूची ४ बमोजिमको ढाँचामा प्रमाणपत्र दिइनेछ । सोही प्रमाणपत्रमा हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले नियमानुसार नविकरण गर्नुपर्नेछ ।

६) दर्ता वा सूचीकृत भएका संस्थाको नविकारण गर्न दिइने निवेदन अनूसूची ५ बमोजिमको ढाँचामा हुनु पर्नेछ ।

७) गाउँपालिकामा दर्ता वा सूचीकृत र नविकरण गर्दा आवेदन फारम शुल्क स्वीकृत गाउँपालिका आर्थिक ऐन बमोजिम हुनेछ ।

८) प्रत्येक वर्षको असार मसान्तभित्र सबै दर्तावाल वा सूचीकृत संस्थाहरुले गाउँपालिकामा अनिवार्य रुपमा नविकरण गराउनु पर्नेछ ।

**१६) विधान संशोधनको सूचनाः** (१) यो ऐन बमोजिम गाउँपालिकामा नाम दर्ता वा सूचीकृत भएको युवा तथा खेलकुद सम्बन्धी संस्थाले दफा १५ बमोजिम नाम दर्ता वा सूचीकृतका लागि दिएको निवेदनमा उल्लेख भएको व्यहोरा वा निवेदन साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु पर्ने कारण सहितको तीन महले तयार गरी सूचना तीस दिनभित्र गाउँपालिकालाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफारको सूचना प्राप्त भएपछि हेरफेर गर्नुपर्ने कारण उचित देखेमा गाउँपालिकाले हेरफेरको व्यहोरा अध्यावधिक गर्नु पर्नेछ ।

**१७)हिसावको श्रेष्ता राख्नुपर्ने :**

१) युवा तथा खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेष्ताको आम्दानी खर्चको हिसाबको श्रेष्ता प्रचलित कानून अनुसारको ढाँचामा राख्नुपर्नेछ ।

२) उपदफा १ बमोजिम युवा तथा खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेष्ताको जाँचबुझ गाउँपालिकाले जुन सुकै बेला गर्न गराउन सक्नेछ।

**१८) निर्देशन दिनेः**

(१) समितिले संस्थालाई युवा तथा खेलकुद विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित युवा तथा खेलकुद संस्थाको हुनेछ ।

(२) उपदफा(१) बमोजिम समितिले निर्देशनको पालना नगर्ने  सम्बन्धी युवा तथा खेलकुद संस्था वा दफा १७ बमोजिमको समितिले तोकिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेष्ता नराख्ने वा रकम हिनामिना गर्ने युवा तथा खेलकुद सम्बन्धी संस्थाको नाम समितिले आफ्नो दर्तासूची बाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) वमोजिम  गाउँपालिकाले दर्तासूची भएका कुनै युवा तथा खेलकुद सम्बन्धी संस्थाको कट्टा गरेमा त्यसको सूचना सम्बन्धित युवा तथा खेलकुद संस्थालाई दिनु पर्नेछ ।

**१९)स्वीकृति लिनु पर्ने :** युवा तथा खेलकुद सम्वन्धी  संस्थाले राष्ट्रिय, अन्तराष्ट्रिय युवा सम्वन्धी कार्यक्रम वा खेलकुद प्रतियोगिता सञ्चालन र अन्य देशका युवा तथा खेलाडीलाई आमन्त्रण गर्ने तथा अन्तराष्ट्रिय स्तरमा सञ्चालन हुने युवा एवम् खेलकुद विषयको सभा सम्मेलनमा भाग लिन प्रचलित कानुन वमोजिम स्वीकृती लिनुपर्नेछ ।

**२०) खेलकुदको संरक्षण,सम्बर्द्धन र प्रवर्द्धन :**

क) समग्र विधाको खेलकुदको संरक्षण,सम्बर्द्धन, प्रवर्द्धन र विकास गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

ख) खेलकुद सम्बन्धी सम्पूर्ण काम र गतिविधि गर्ने कार्य यसै ऐन बमोजिम गठित समितिले गर्नेछ । सो

कार्यका लागि गाउँपालिकाले आवश्यक वजेट विनियोजन गर्नेछ ।

**२१) आचारसंहिता :** खेल सम्बन्धी विषयका खेलाडी, समिति,अध्यक्ष तथा सदस्य,कर्मचारी र गाउँकार्यपालिका तथा गाउँसभाका सदस्यहरुले देहाय बमोजिमको आचारसंहिता पालना गनुपर्नेछ ।

क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनैपनि प्रतिवन्धित लागुऔषध र मादक पदार्थ सेवन गर्न पाइनेछैन ।

ख) खेलाडी टीमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी टीम बनाउन पाइनेछैन । तर, विदेशी खेलाडीलाई आमन्त्रण गरिदा गैर नेपाली टीमलाई मान्यता दिइनेछ ।

ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टीमलाई मात्र मान्यता दिइनेछ तर, कोचिङ्ग कक्षा सञ्चालन गर्न दर्ता नभएको टीमलाई पनि सामेल गराउन सकिनेछ ।

घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टीमबाट हटाइनेछ साथै खेलमा सहभागिता समेत गराइनेछैन ।

ङ) खेलको विजय पश्चात पाउने शिल्ड,ट्रफी कहीकतै बेच्न,धरौटी राख्न वा उपहार दिन पाइनेछैन । तर कुनै दर्तावाला क्लव विघटन हुन गई उक्त क्लवले प्राप्त गरेको शिल्ड,ट्रफी गाउँपालिकाको स्वीकृतीमा अर्को दर्तावाला क्लवलाई उपहार दिन भने बाधा पर्ने छैन ।

च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टीमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइनेछैन तर संरक्षण गर्न बाधा पर्नेछैन ।

छ) कुनै खेलमा निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइनेछैन ।

ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टीमको पक्ष लिई कल्यापिङ,हुटिङ्ग,अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाउनेछन तर विपक्षी टीमका व्यक्तिहरु वा टीमलाई इंगित गरी कार्टुन,चित्रकारिता,हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शब्द वा अभद्र व्यवहार गर्न पाइनेछैन ।

झ) खेलको प्रतिस्पर्धा निम्ति गाउँपालिकाको स्वीकृती र इजाजत बिना आफ्नो टीमको नाममा जर्वजस्ती चन्दा उठाउन पाइनेछैन ।

ञ) गाउँपालिकाको स्वीकृती वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित क्लवबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

ट) यसअघि अन्यत्र दर्ता भएका वा गाउँपालिकामा सूचीकृत भएका संस्थाहरुले गाउँपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन ।

**२२) सम्झौता गर्दा गाउँपालिकाले स्वीकृत लिनु पर्ने :** गाउँपालिकाले आफ्नो युवा तथा खेलकुद सम्वन्धि कार्य सञ्चालनको शिलशिलामा विदेशी सरकार वा अन्तराष्ट्रिय साझेदार वा विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

**२३) सदस्यको भत्ता :**

१) सदस्यले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछ ।

२) सदस्यले समितिको काम विशेषले भ्रमण गर्नु परेमा नियमानुसार भ्रमण तथा दैनिक भत्ता पाउनेछ ।

**२४) सौजन्यता :** दर्तावाला संस्थाहरुले कसैको सौजन्यमा कुनै खेल सञ्चालन गर्न गाउँपालिकाको पूर्व स्वीकृती लिनुपर्नेछ । तर गाउँपालिकाले स्वीकृती नदिएको खण्डमा भने व्यक्ति वा संस्थाको सौजन्यताबाट प्राप्त नगदी ,जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल सञ्चालन गर्न बाधा पर्नेछैन ।

**२५) अधिकार प्रत्यायोजन :** समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार अध्यक्ष वा उपाध्यक्ष वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२६) गाउँपालिकाले निर्देशन दिन सक्ने :**

(१) गाउँपालिकाले युवा तथा खेलकुदको विकास गर्नको लागि समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**२७) जरिवानाः**

(१) दर्ता वा सूचीकृत भएका खेलकुद सम्बन्धी संस्थाहरुले नविकरण नगराएमा गाउँपालिकाको आर्थिक ऐन बमोजिम जरिवाना गरिनेछ ।

(२) पाँच वर्षभन्दा बढी समयसम्म पनि नविकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ । यसरी समयमै नविकरण नगरी दर्ताको सूचीबाट हटाइएको संस्थाका संलग्न कार्यकारी समितिका व्यक्तिको अर्को संस्था दर्ता गरिनेछैन ।

(३) समयमै नविकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ ।

**२८) संस्थाको विघटन :**

१) दर्ता भएको खेलकुदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछन ।

(क) संस्थाको दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय भएमा,

(ख) लगातार ५ वर्ष सम्म संस्था नविकरण नगरेमा,

(ग) संस्थाका पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा,

(घ) प्राकृतिक विपत्तीको कारणबाट संस्था क्षत विक्षत भएमा ।

## २९) सजाय र कारबाही :

१) समितिले देहाय बमोजिमको कसुरमा देहाय बमोजिम सजाय गर्नेछ,

(क) समितिले दिएको निर्देशन पालना नगर्ने युवा तथा खेलकुद विकास समिति वा युवा तथा खेलकुद सम्बन्धी संस्थालाई पहिलो पटक चेतावनी सहित पाँच हजार रुपैयाँ जरिवाना र सोही कसुर दोहोऱ्याएमा समिति वा संस्था खारेजी सम्म पनि गर्न सक्नेछ ।

(ख) कुनै खेलाडी वा खेलाडीको समूह वा प्रशिक्षक वा व्यवस्थापक वा रेफ्रीले खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणमलाई प्रतिकुल हुने गरी मिलोमतोमा वा प्रलोभनमा परी खेल खेले वा खेलाएमा, वडास्तरको खेलकुद प्रतियोगिताको हकमा पाँच हजार रुपैयाँ जरिवाना र एक वर्ष सम्म सोहीस्तरको खेलबाट प्रतिबन्ध । गाउँपालिकास्तरको खेलकुद प्रतियोगिताको हकमा- दश हजार रुपैया जरिवाना र एक वर्षसम्म सोहीस्तरको खेलवाट प्रतिवन्ध ।

(२) उपदफा (१) बमोजिम समितिले गरेको सजाय उपर चित्त नबुझेमा पैंतीस दिन भित्र गाउँपालिका न्यायिक समिति समक्ष उजुर गर्न सकिनेछ ।

**३०) बार्षिक प्रतिवेदन :** समितिले आफ्नो वर्षभरि गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ ।

क) सम्पन्न भई सकेका खेलकुद, हुन बाँकी खेलकुद तथा खेलकुद सम्बन्धी योजनाहरुको प्रतिवेदन गाउँपालिकामा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

ख) प्रतिवेदनमा आएका विषयलाई गाउँपालिकाले बुलेटिन मार्फत सार्वजनिक गर्नेछ ।

**३१) भाग लिन नहुने :** समितिको सदस्यले समितिको ठेक्का पट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन पाइने छैन ।

**३२) नियम बनाउने अधिकार**

यस ऐन कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**३३) यस ऐन बमोजिम हुने** :

यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

**३४) खारेजी र बचाऊ :** विनयी त्रिवेणी गाउँपालिकामा यो ऐन प्रारम्भ हुनुभन्दा अघि बनेका युवा तथा खेलकुद सम्बन्धी समिति लगायतका सम्पूर्ण संरचनाहरु खारेज गरिएको छ । यस अघि भएका खेलकुदका गतिविधिहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

# अनुसूची १

## (दफा १५ को उपदफा २ सँग सम्वन्धित)

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु ,

विनयी त्रिवेणी गाउँपालिका,दुम्किबास ,नवलपरासी (ब.सु.पूर्व)।

विषय : संस्था दर्ता सम्बन्धमा ।

म/हामीले तपसिलमा उल्लिखित विवरण अनुसारको युवा तथा खेलकुद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरी सकेकोले दुई प्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्वीकृती र संस्था दर्ताका लागि आवेदन गरेका छौं। नियमानुसार संस्था दर्ता गरिदिनुहुन अनुरोध छ।

१. संस्था वा क्लवको नाम :

२. संस्था वा क्लवको ठेगाना :

३. संस्था वा क्लवको सम्पर्क नं र इमेल आइडि :

४. संस्था वा क्लवको सन्चालक समितिको नाम, पद,ठेगाना र सम्पर्क नं. :

५. संस्था वा क्लवको पछिल्लो आ.व.को लेखापरिक्षण प्रतिवेदन :

६. दर्ता/सूचीकृत हुने निणर्यको प्रतिलिपी :

निवेदक

नाम, थर :

दस्तखत :

पद :

सम्पर्क नं. : संस्था वा क्लवको छापः

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः

क.संस्थाको विधानको मस्यौदा

ख.आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि

ग. संस्थाको छापको नमूना

घ. सम्बन्धित वडा कार्यालयको सिफारिस

ङ. तदर्थ समितिको निर्णय

च. चालचलन प्रतिवेदन

अनुसूचीः २

दफा १५ को उपदफा ३ सँग सम्वन्धित

विनयी त्रिवेणी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

दुम्किबास ,नवलपरासी (ब.सु.पूर्व)

# संस्था दर्ता प्रमाण पत्र

१. दर्ता नं. २. संस्थाको नामः

३.संस्थाको ठेगानाः ४.दर्ता कायम रहने अवधिः

५. दर्ता हुँदाको समयमा रहनुभएका समितिको पदाधिकारी र सदस्य संख्याः

माथी उल्लिखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्थादर्ता प्रमाणपत्र प्रदान गरिएको छ । विनयी त्रिवेणी गाउँपालिका युवा तथा खेलकुद विकास ऐन, २०८० र विधानको साथै प्रचलित कानूनको अधिनमा रही खेलकुद/युवा सम्बन्धी गतिविधिहरु सञ्चालन गर्न यो अनुमति दिइएको छ ।

६.प्रमाणपत्र जारी गर्ने अधिकारीको

क. नाम, थर

ख. पद

ग. मिति

७.गाउँपालिकाको छाप

गाउँपालिकाको छाप

यस पानाको पछाडि नविकरण सम्वन्धी विवरण रहने ।

| सि. नं. | नविकरण मिति | नविकरण वहाल रहने मिति | नविकरण गर्ने कर्मचारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूचीः ३

## दफा १५ को उपदफा ४ सँग सम्वन्धित

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु ,

विनयी त्रिवेणी गाउँपालिका,दुम्किबास ,नवलपरासी (ब.सु.पूर्व) ।

विषय : संस्था सूचीकृत गरिदिनुहुन ।

हामीले तपसिलमा उल्लिखित विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं । गाउँपालिकाको नियमानुसार संस्था सूचीकृत गर्नुपर्ने भएकोले प्रचलित कानून बमोजिम सूचीकृत गरिदिनुहुन अनुरोध छ।

सचिवः

अध्यक्षः

नाम, थर :

नाम, थर :

दस्तखत:

दस्तखत :

सम्पर्क:

सम्पर्क नं. :

संस्था वा क्लवको छाप

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः

क.संस्थाको दर्ता, नविकरण प्रमाणपत्र

ख. संस्थाको विधान दुई प्रति

ग. गत आ.व.को लेखा परीक्षण प्रतिवेदन

घ. सम्बन्धित वडा कार्यालयको सिफारिस

ङ. समितिको निर्णय

च. कर चुक्ता प्रमाणपत्र

# अनुसूचीः ४

## दफा १५ को उपदफा ५ सँग सम्वन्धित

विनयी त्रिवेणी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

दुम्किबास ,नवलपरासी (ब.सु.पूर्व)

## संस्था सूचीकृत प्रमाण पत्र

१. संस्थाको नामः

२.संस्थाको ठेगानाः

३. दर्ता हुँदाको समयमा रहनुभएका समितिको पदाधिकारी र सदस्य संख्याः

४. दर्ता हुँदाको समयमा रहनुभएको अध्यक्षको नामः

माथी उल्लिखित विवरण भएको संस्था सूचीकृत गरी प्रमाणपत्र प्रदान गरिएको छ। विनयी त्रिवेणी गाउँपालिका युवा तथा खेलकुद विकास ऐन, २०८० र विधानको साथै प्रचलित कानूनको अधिनमा रही खेलकुद/युवा सम्बन्धी गतिविधिहरु सञ्चालन गर्न यो अनुमति दिइएको छ।

५. प्रमाणपत्र जारी गर्ने अधिकारीको

क. नाम, थर

ख. पद ग. मिति

६.गाउँपालिकाको छाप

## अनुसूचीः ५

## दफा १५ को उपदफा ६ सँग सम्वन्धित

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु ,

विनयी त्रिवेणी गाउँपालिका, दुम्किबास ,नवलपरासी (ब.सु.पूर्व) ।

विषय : संस्था नविकरण गरी पाउँ ।

........................................... नामक संस्था यस गाउँपालिकामा दर्ता सूचीकृत भई युवा तथा खेलकुद सम्बन्धी गतिविधिहरु सञ्चालन गरी रहेको हुँदा तपसिल बमोजिम कागजपत्र संलग्न राखी नविकरण गरी पाउँ भनि निवेदन गर्न आएका छौं । गाउँपालिकाको नियमानुसार संस्था नविकरण गरिदिनुहुन अनुरोध छ ।

निवेदकः

सचिवः

अध्यक्षः

नाम, थर :

नाम, थर :

दस्तखत:

दस्तखत :

सम्पर्क नं. :

सम्पर्क नं. :

संस्था वा क्लवको छाप

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः

क.संस्थाको वार्षिक गतिविधि भावी योजना र बजेट

ख. अघिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदन

ग. सम्बन्धित वडा कार्यालयको सिफारिस

घ. समितिको निर्णय

ङ. कर चुक्ता प्रमाणपत्र

........................................

**आज्ञाले**

**बोधराज बस्याल**

**प्रमुख प्रशासकीय अधिकृत**